# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१२/१५

तेस्रो अधिवेसन

(१७औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको १७औं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

अब विशेष समय शुरु हुन्छ ।

३. **माननीय सदस्यहरू,**

यस सभाको विभिन्न बैठकहरुमा निर्धारण गरिएको शुन्य समय र विशेष समयमा बोल्ने माननीय सदस्यहरुले प्रदेश सरकारको काम कार्वाही र समसामयीक विषयमा उठान गरेका प्रश्नहरुको सम्बन्धमा आ-आफ्नो मन्त्रालयसँग सम्बन्धीत प्रश्नहरुको जवाफ दिन प्रदेश सभा नियमावली २०७४ को नियम ५७ को उपनियम (२) बमोजिम सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुबेदी र उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्री मानननीय माया भट्टबाट विशेष समय माग भै आएकोले माननीय मन्त्रीज्यूहरुलाई बोल्ने समय उपलब्ध गराएको छु ।

सर्वप्रथम सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुबेदीलाई आफ्नो मन्त्रालय सँग सम्बन्धीत प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय कृष्ण राज सुवेदी**

माननीय सभामुख महोदय, प्रदेश सरकारले गरेका कामका साथै सामाजिक विकास मन्त्रालयले गरेका कामहरु आजसम्म के कस्ता छन् सरकारले के गरिराखेको छ भन्ने विषयमा मेरो मन्त्रालयलाइ ५/७ वटा प्रश्नहरु सम्मानित सदनबाट सोधिएका थिए । प्रदेश सरकारले गरेका कामहरु सम्मानित सदनबाट सुदूरपश्चिम भरीका जनतालाइ जानकारी हुने गरी प्रश्न सोध्ने माननीय ज्यूहरुलाई माननीय सभामुख महोदय मार्फत धन्यवाद दिन चाहान्छु । मेरो मन्त्रालयसँग सम्बन्धित ५/७ वटा प्रश्नमा बुँदागत रुपमा म सम्मानित सदन समक्ष त्यसको जानकारी गराउन चाहान्छु । प्रदेश स्वयंसेवक सम्बन्धमा मिति २०७५ पौष २३ गते सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त दिने काम भएको । विभिन्न १३ वटा प्राविधिक क्षेत्रमा स्वयंसेवक नियुक्तिका लागि सूचना प्रकाशन गरिएको थियो । सूचनाको विज्ञापन नं. १,२,३ को छोटो सूची प्रकाशन गर्दा उम्मेदवारले पेश गरेको न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क मेरिटको आधारमा आवश्यक संख्याको सतप्रतिशत नै हुन आउने । संख्यालाइ छोटो सूचिमा नामावली प्रकाशन गरिएको थियो । छोटो सूचीमा नामावली प्रकाशन भएकालाइ अन्तर्वार्ता लिइ सबै भन्दा बढी

अंक प्राप्त गर्नेलाई सफल उम्मेदवार मानी नियुक्ति दिइ ९ वटै जिल्लामा पदस्थापना गरी काममा पठाइएको छ । अन्य सूचनाको हकमा विज्ञापन नं. ४,५,७,१०,११ को मिति २०७५/१२/१४ गते शैक्षिक योग्यताको प्राप्तांकको मेरिटको आधारमा नतिजा प्रकाशन भएको तथा अन्तरवार्ताको मिति समेत तोकि सकिएको छ । प्रथम मुख्यमन्त्री कप अन्तरप्रदेश खेलकुद प्रतियोगिताको विषयमा प्रदेश सरकार सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयको यस आर्थिक वर्षको २०७५/०७६ को स्वीकर्त वार्षिक कार्यक्रमको युवा तथा खेलकुद क्षेत्र अन्तरगत क्रम संख्या ११ खर्च शिर्षक नं. २२५२२ मा मुख्यमन्त्री कप अन्तरप्रदेश खेलकुद प्रतियोगिता संचालनका लागि १ करोड ५० लाख बजेट प्राप्त भएको र उक्त विनियोजित बजेट तथा नपुग हुने बजेट प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त हुने सुनिस्चितता सहित २ करोड ४९ लाख ४९ हजार २ सय पचहत्तर खर्च हुने अनुमान गरी २०७५/११/२९ देखी २०७५/१२/०३ सम्म धनगढी कैलालीमा प्रथम मुख्यमन्त्री कप अन्तर प्रदेश खेलकुद प्रतियोगिता संचालनका लागि माननीय मन्त्रीस्तरबाट २०७५/११/१५ गते टिप्पणी सदर भइ तोकिएको मितिमा कैलालि जिल्लाको धनगढीमा प्रथम मुख्यमन्त्री अन्तर प्रदेश खेलकुद प्रतियोगिता २०७५ संचालन गरी कार्यक्रम सम्पन्न भएको व्यहोरा जानकारी गराउन चाहान्छु । प्रदेश सरकार सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयले आयोजना गरेको प्रथम मुख्यमन्त्री कप अन्तरप्रदेश खेलकुद प्रतियोगिता २०७५ को समुद्घाटन सम्माननीय सभामुखज्यू बाट सम्पन्न हुनु तथा उक्त एतिहासिक अवसरमा कर्णाली प्रदेशका मुख्यमन्त्री, सामाजिक विकास मन्त्री तथा प्रदेश नं. १ का सामाजिक विकास मन्त्रीको उपस्थिति हुनुले सुदूरपश्चिम प्रदेश गौरवान्वित भएको महसुस गरेको छु । सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ को निती तथा कार्यक्रममा खेलकुद क्षेत्रको प्रबर्द्धन र विकासका लागि स्वस्थ्य युवा प्रदेशको खम्बा भन्ने आदर्श नारा लिएको तथा उक्त प्रतियोगिताको माध्यमबाट यस प्रदेश भित्र मात्र नभइ अन्य प्रदेशमा समेत यो नाराको व्यापक रुपमा प्रचार प्रसार भएको अन्य प्रदेशले हालसम्म संचालन गर्न नसकेको तथा नामको दृष्टिकोणबाट अन्तरप्रदेशीय खेलकुद प्रतियोगिता भएता पनि सहभागिताको दृष्टिकोणले राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता भएको यस महान खेलकुद प्रतियोगिता संचालन गरी सफलतापूर्वक सम्पन्न हुनु यस प्रदेशका लागि एतिहासिक गौरब स्थापित भएको छ । साथै यस किसिमको अभुतपूर्व कार्य सफलताले सुदूरपश्चिम प्रदेश सरकारको कार्यक्षमता उचाइमा पुगेको मुल्यांकन गर्नु अन्यथा हुँदैन भन्ने ठाकेको छु । उक्त प्रतियोगितामा ७ वटा प्रदेश बाट खेलाडी प्रशिक्षक र व्यवस्थापक गरी ६२७ जनाको सहभागिता रहेको थियो । उक्त प्रतियोगिता पार्दर्शी तथा व्यवस्थी रुपमा संचालन गर्नका लागि मुख्य मन्त्री कप अन्तरप्रदेश खेलकुद प्रतियोगिताको व्यवस्थापन निर्देशिका २०७५/११/१७ गते सुदूरपश्चिम प्रदेश सरकार मन्त्रीपरिषदको वैठकबाट स्वीकृति भइ सो को अधिनमा रही खेलकुद प्रतियोगिता संचालन भएको र हाल उक्त खेलकुद प्रतियोगितामा लागेको खर्चहरु नियमानुसार भुक्तानी दिन र पेश्की फच्यौंट सम्बन्धी कार्यभइरहेको छ र यथाशिघ्र सो प्रतियोगितामा लागेको कुल विवरण सार्वजनिक गरिने छ । यो खेलकुदका उपलब्धीहरु मैले यसरी राखेको छु । प्रथम मुख्यमन्त्री कप खेलकुद प्रतियोगिताका उपलब्धीहरु निम्नानुसार छन् :

१० अन्य प्रदेशका विशिष्ट व्यक्तिहरु खेलकुद क्षेत्रका प्रशिक्षक व्यवस्थापक निर्णायाक रिफ्री र खेलाडीहरुको एकसाथ उपस्थिति भएकोले आपसी भाइचाराको सम्बन्ध स्थापित भएको छ । खेलकुदका माध्ययमले आन्तरिक पर्यटन प्रबर्द्धनलाइ सहयोग पुगेको छ । सुदूरपश्चिम प्रदेश सरकारले खेलकुदलाई उच्च प्राथमिकता दिएको विषय सुदूरपश्चिम प्रदेश भित्र मात्र नभइ अन्य प्रदेशमा समेत प्रचार प्रसार भएको छ । खेलकुदका भौतिक संरचनाको मर्मत संभार कार्य भएको छ । खेलकुदमा भौतिक संरचनाहरुको मर्मत संरचना कार्य भएको छ । उक्त प्रतियोगितामा सुदूरपश्चिम प्रदेश टिमले उत्कृष्ट खेल प्रदर्शन गरी प्रथम स्थान प्राप्त गरेको ले खेलकुदको दृष्टिकोणले यस प्रदेशको प्रतिष्ठा अभिवृद्धी भएको छ । खेलकुद कार्यक्रमको औपचारिक उद्घाटनको दिनमा निकालिएको र्‍याली र मार्चपासमा प्रदर्शन भएका विभिन्न जातजातीका विशेषता झाक्रीहरुको माध्यमबाट कला र संस्कृतिको प्रबर्द्धनमा टेवा पुगेको छ । द्धारिका देवी ठकुरानी महिला ससक्तिकरण कार्यक्रम कार्यान्वयनको सम्बन्धमा पनि सम्मानित सदनमा प्रस्न उठेको थियो । सो विषयमा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको मिति २०७५/१२/११ को प्राप्त पत्रसाथ संलग्न प्रदेश सभा सचिवालयको पत्रको बुदा ३ मा द्धारिका देवी ठकुरानी महिला ससक्तिकरण कार्यक्रमको अवस्था के छ भन्ने विषयमा जवाफ माग भए बमोजिम उक्त कार्यक्रम कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको कुरा सम्मानित सदन समक्ष पेश गर्दछु ।

<u>देहाय</u>

आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार द्धारिका देवी ठकुरानी महिला सशक्तिकरण कार्यक्रम यस प्रदेशका ९ वटै जिल्लामा संचालन गर्ने गरी रु १ करोड ८० लाख बजेट विनियोजन भएको । कार्यक्रम तर्जुमा गर्दा द्धारिका देवी ठकुरानी महिला सशक्तिकरण कार्यक्रम स्थानीय तहमार्फत संचालन गर्ने भनी तर्जुमा गरिएको भएता पनि तत्कालिन समयमा स्थानीय तहलाई अख्तियारी दिइ कार्यक्रम संचालन गर्न नसकिने भएपछि सामाजिक विकास मन्त्रालयले २०७५ पौष १६ खर्च शिर्षक परिवर्तनका लागि अर्थ मन्त्रालयमा पत्राचार गरेपछि २०७५/११/२७ मा अर्थ मन्त्रालय बजेट खर्च शिर्षक २६३१२ बाट २२५२२ मा परिवर्तन गरी पठाएको । यस कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि २०७५/११/०३ को मन्त्रिपरिषदको निर्णयानुसार द्धारिका देवी ठकुरानी महिला सशक्तिकरण कार्यक्रम संचालन कार्यविधि २०७५ स्वीकृति भएको । सार्वजनिक खरिद ऐन २०६३ र कार्यविधि बमोजिम मिति २०७५/११/२३ मा द्धारिका देवी ठकुरानी महिला सशक्तिकरण कार्यक्रम संचालनका लागि सूचिकृत हुन आउने बारेको सूचना प्रकाशन गरी मिति २०७५/१२/०५ को निर्णयानुसार सुचीकृत संघसंस्था कम्पनीहरुको संक्षिप्त सूचि तयार पारिएको । संक्षिप्त सूचिमा पर्न सफल संघसंस्था कम्पनीहरु सित मिति २०७५/१२/१० को निर्णयानुसार आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने सम्बन्धमा सूचना प्रकाशन गरिएको । सेती अन्चल अस्पतालमा महिलाको मृत्यु हुने विषयमा सम्मानीत सदनमा सोधिएको प्रश्नको संक्षिप्त जानकारी दिने तिर लागेको छु । सेती अंचल अस्पतालको आधिकारिक स्रोत र यस मन्त्रालयबाट प्राप्त स्थलगत अध्ययनको जानकारी अनुसार धनगढी उ.म.न.पा वडा नं.

१२ जुगेडा निवासी २२ वर्षिय रेखा थापा सुत्केरी व्यथा लागि प्रसुती सेवाको लागि २०७५/१२/२ गते सेती अंचल अस्पतालमा भर्ना भएकी र लामो समयसम्म प्रयास गर्दा नर्मल डेलिभरी हुन नसकेपछि दोश्रो दिन २०७५/१२/०३ गते अप्रेसन सिएस गरेर बच्चा जन्मेको र बच्चा जन्मेपछि सामान्य अवस्थामा रहेको थियो । तेश्रो दिन २०७५/१२/०४ गते वाडमा सारिएको र आमामा विस्तारै जन्डिसको लक्षण देखा परेको र अवस्था जटिल बन्दै गएपछि २०७५/१२/७ मा निजलाई सुविधासम्पन्न अस्पतालमा रिफर गरिएकोमा निजको नेपालगंज जाने क्रममा मृत्यु भएको हो । त्यसपछि अस्पतालको लापरवाहीले मृत्यु भएको भनी मृतकका पक्षले लास ल्याइ अस्पतालमा राखेको र उपचारमा संलग्नलाइ कारबाही क्षेतिपूर्ति र बालकको शिक्षा तथा पालनको माग राखी अस्पतालको सेवा प्रभावित पारिएको थियो । सो सम्बन्धमा मिति २०७५/१२/९ गते सर्वपक्षीय वैठक बसी ५ बुदे सहमति गरी छानविनको लागि प्रशुतिगृह काठमाडौंका वरिष्ठ स्त्री रोग विशेषज्ञ डा सन्देश पौडेल लगायतको विशेषज्ञ टोलीले सेती अंचल अस्पतालमा आइ स्थलगत अवलोकन गरी सो सम्बन्धमा आवश्यक कागजात लगायत अन्य सम्बन्धित विषयवस्तुहरुको अध्ययन र घटनाको सत्य तथ्य छानविनको कार्य जारी रहेको छ । यसरी महिलाको मृत्यु हुनु दुखत रहेको र यस घटनाप्रति दुखत प्रकट गर्दै आगामी दिनमा यस्ता घटना हुन नदिन सावधानी र सजगता अपनाउन सरकार प्रतिवद्ध छ । उपचारमा लापरवाही गर्ने जो सुकै भए पनि छानविनबाट दोषी भए कारबाही गर्ने व्यहोरा सभामुख ज्यू मार्फत सदनलाई जानकारी गराउन चाहान्छु । अस्पतालको सेवा सुधारमा सरकार निरन्तर लागिरहेने छ । एम्बुलेन्स खरिद सम्बन्धमा पनि जानकारीको लागि सम्मानित सदनमा जानकारी गराउन भएको थियो । यस विषयमा प्रदेश सरकार सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७५/७६ को स्वीकृत बजेट अनुसार ७ वटा पहाडी जिल्लामा १६ वटा निर्वाचन क्षेत्रमा सुविधा सम्पन्न उपकरण जडित एम्बुलेन्स खरिदको लागि अन्तराष्ट्रिय विडिङ प्रकृयामा गइ सिप्रदि ट्रेडिङ प्रालिबाट १६ वटा एम्बुलेन्स खरिद गर्ने सम्झौता भइसकेको र हाल सो एम्बुलेन्स खरिदमा भन्सार छुटको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सुदूरपश्चिम प्रदेश मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई अनुरोध सहित पत्राचार गरिएको र सो सम्बन्धमा संघीय अर्थ मन्त्रालयबाट स्वास्थ्य संस्थाहरुले स्थानीय तहको सिफारिसका साथ प्रदेश सरकारलाई एम्बुलेन्स माग गरेको विवरण पेश गर्न भनिएकोले १६ वटै स्वास्थ्य संस्था र स्थानीय तहलाई सो सम्बन्धी सिफारिस सहितको मागपत्र मन्त्रालयलाई पठाउन पत्राचार गरिसकिएको छ । भन्सार छुटको स्वीकृति प्राप्त भएपछि अन्य खरिद प्रकृया अगाडी बढ्ने र छिटो भन्दा छिटो वितरण गरिने व्यहोरा सभामुख ज्यू मार्फत सम्मानित सदनलाई जानकारी गराउन चाहान्छु । स्वास्थ्य कार्यालयका कर्मचारीहरुको तलब भत्ता पनि भएको छैन भन्ने विषयमा सम्मानित सदनमा कुरो उठेको थियो । स्वास्थ्य सेवाको पुनसंरचना गर्ने क्रममा २०७५/३/३२ मा नेपाल सरकार मन्त्रिपरिषदबाट ४ वटा स्वास्थ्य कार्यालय स्थापना गर्ने निर्णय भएको र पुन २०७५ असोज मसान्त सम्म ९ वटै कार्यालय रहने निर्णय भए बमोजिम स्वास्थ्य सेवा विभागबाट सोझै उक्त कार्यालयहरुलाइ अख्तियारी प्रदान गरिएको थियो । स्वास्थ्य कार्यालयको २०७५ असोज मसान्तसम्मको तलब भत्ता संघीय लेखा

प्रणालीबाट भुक्तानी भइसकेको छ । २०७५/९/९ मा नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार पुन ९ वटै स्वास्थ्य कार्यालय प्रदेश सरकार मातहत रहने गरी स्थापना गर्ने निर्णय भएकोमा उक्त कार्यालयहरु प्रदेश सरकारलाई हस्तान्तरण भइसकेपछि नेपाल सरकार अर्थ मन्त्रालयबाट २०७५ फाल्गुन महिनाको अन्तिम हप्तामा तलब र भत्ता कार्यालय संचालन खर्च बाफत ८ करोड ७० लाख ५८ हजार रुपैया प्रदेश सरकारको कोषमा रकम प्राप्त भएको छ र आर्थिक मामिला तथा योजना मन्त्रालय सुदूरपश्चिम प्रदेशबाट सो शिर्षकको अख्तियारी २०७५/१२/१३ गते सामाजिक विकास मन्त्रालयमा प्राप्त हुन आएको र मन्त्रालयबाट २०७५/१२/१४ गते नै ९ वटै स्वास्थ्य कार्यालयको अख्तियारी पठाइसकेको छ । र अन्य कार्यक्रमहरु खर्च गर्ने अख्तियारी समेत पठाइसकेको छ । स्वास्थ्यका भवन निर्माणको लागि कार्यविधि र नक्सा स्वीकृत गरी सम्बन्धित कार्यालयमा पठाइसकेको व्यहोरा सभामुखज्यू मार्फत गरिमामय सदनलाई जानकारी गराउन चाहान्छु । स्वास्थ्य संस्थामा औषधीहरुको अभाव छ भन्ने विषयमा पनि प्रश्न उठेकोमा त्यस विषयमा आधारभूत स्वास्थ्य र सरसफाइ नेपालको संविधान अनुसार स्थानीय तहको जिम्मेवारी भित्र पर्ने भएकोले निशुल्क औषधी खरिदको लागि संघीय सरकारबाट स्थानीय तहमा रकम पठाइएको छ । सो बाट अपुग हुने औषधी सम्बन्धित स्थानीय तहले स्वास्थ्य कार्यालयमा माग गरेमा उपलब्ध गराउने व्यवस्था गरिएको छ । औषधी आपूर्तिको लागि संघीय सरकारले औषधीको भण्डारसम्म पुर्याउने र प्रदेश सरकारले जिल्लाको भण्डार सम्म पुर्याउने र जिल्लाको भण्डारबाट स्थानीय तहले आफै ढुवानी गरी लैजानु पर्ने भएकोले औषधी कही कतै कमी भए सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ । हाल प्रदेशस्तर र जिल्लास्तरको भण्डारणमा औषधी मोजुदा रहेकोमा अवगत गराउनु चाहान्छु । यस वर्षको औषधी औजार तथा उपकरण खरिद प्रकृयामा रहेकोले समयमै आपूर्ति गर्न सकिने व्यहोरा समेत अनुरोध गर्दछु । केही समय संरचनाको अन्यौलताले गर्दा अलमल भएपनि आगामी दिनमा सकेसम्म यस्तो अवस्था आउन दिइने छैन भन्ने व्यहोरा सभामुखज्यू मार्फत सदनलाइ जानकारी गराउन चाहान्छु । आमा सुरक्षा कार्यक्रमलाई स्वास्थ्य संस्थामा हुने सुत्केरी महिलालाइ उपलब्ध गराउदै आएको गर्भवती जाँच, प्रोत्साहन रकम र यातायात खर्च वाफतको रकममा यसै आर्थिक वर्षबाट दोव्वर गरेको कारण बजेट कमी भएको र सोको लागि संघीय सरकारबाट थप निकासको लागि अनुरोध गरिसकेको र यही रकम निकासको प्रकृया मा रहेको जानकारी प्राप्त भएको व्यहोरा सभामुखज्यू मार्फत सम्मानित सदनलाइ जानकारी गराउन चाहान्छु । आर्थिक वर्ष २०७५/७६ को शिक्षाका कार्यक्रमहरु र त्यसको विषयमा पनि सम्मानित सदनलाइ जानकारी गराउन चाहान्छु । विद्यालयको २ कोठे भवन, ४ कोठे भवन, विद्यालय घेरवार, विद्यालय खेलमैदान, प्राविधिक धारका विद्यालयका छात्रावास, निर्माणको अख्तियारी, शिक्षा विकास निर्देशनालयलाइ पठाइसकिएको छ । सामाजिक विकास मन्त्रालयबाट नियुक्त गरिएको स्वयंसेवक प्राविधिकहरुबाट जिल्लामा रहेका शिक्षा विकास तथा समन्वय इकाइमा समझौता गर्ने कार्य भइरहेको । सम्झौता पश्चात सम्बन्धित विद्यालयको खातामा नियमानुसार रकम भुक्तानी हुने । क्याम्पस, आइसिटी व्यवस्थापन, क्याम्पस पुस्तकालय, क्याम्पस घेरवार, क्याम्पसमा ४ कोठे भवन

निर्माणको अख्तियारी निर्देशनालयलाई पठाइ सकिएको । सामाजिक विकास मन्त्रालयबाट नियुक्त गरिएको स्यंसेवक प्राविधिकहरुबाट जिल्लामा रहेका शिक्षा विकास तथा समन्वय इकाइमा सम्झौता कार्य भइरहेको । सम्झौता पश्चात सम्बन्धित क्याम्पसको खातामा नियमानुसार रकम भुक्तानी गरिनेछ । सामुदायिक तथा सार्वजनिक पुस्तकालयका लागि पुस्तक खरिद र संरचनाको सुधार कार्यक्रमको छनोट भएका पुस्तकालयहरुलाइ विवरण पठाउन पत्राचार भइसकेको । विवरण संकलन पश्चात मन्त्रालयबाट सम्बन्धित पुस्तकालयहरुलाइ नियमानुसार रकम भुक्तानी गरिनेछ । बाल शिक्षा, शिक्षक, विद्यालय कर्मचारी तथा  विद्यालय सहयोगीलाइ दिइने अनुदान तथा सहयताको रकमको अख्तियारी शिक्षा विकास निर्देशनालयमा पठाइसकिएको । निर्देशनालयबाट विवरण संकलनका लागि सम्बन्धित स्थानीय तहलाइ पत्राचार भइरहेको, विवरण संकलन पश्चात वैशाख महिनाभित्र सम्बन्धित स्थानीय तहको खातामा नियमानुसार रकम भुक्तानी हुने र स्थानीय तहले सम्बन्धित स्थानीय तहको खातामा निकासा दिने कार्यक्रमको व्यवस्था मिलाइएको छ । हाम्रो सुदूरपश्चिमको स्वास्थ्य क्षेत्रको अवस्था अहिलेसम्म जो यो संरचनागत अन्योलता समस्याको टुंगो लागिसकेकोले अब प्रदेश सरकारका प्रत्येक जिल्लामा स्वास्थ्यका संरचनाहरु खडा भइसकेको अवस्था छ । संघीय सरकारको अख्तियारी र कार्यक्रमहरु प्रदेश सरकारका इकाइहरु मार्पत तिब्र गतिमा कार्यान्वयन भइरहेका छन् । प्रदेश सरकारका स्वास्थ्य क्षेत्रका कार्यक्रमहरु स्थानीय सरकारसँग समन्वय गरी स्वास्थ्य कार्यालय जिल्ला अस्पतालमार्फत कार्यान्वयन भइरहेको अवस्था छ । स्वास्थ्य क्षेत्रको अख्तियारी सम्बन्धित स्वास्थ्य कार्यालयमा पठाइ कार्यान्वयन भइरहेको अवस्था छ र यो वर्ष भौतिक निर्माणका गतिविधिहरुमा स्वास्थ्य कार्यालयको टिमलाइ प्राविधिक सहयोग गर्न इन्जिनियर सहितको प्राविधिक टिम खटाइसकिएको अवस्था छ । सम्बन्धित स्वास्थ्य कार्यालयले सम्बन्धित स्थानीय तहलाइ जानकारी गराइ आवश्यक विवरण माग गर्ने र सम्बन्धित जिल्लाले सम्झौता वा प्रचलित ऐनले भने बमोजिम आवश्यक कृयाकलाप गर्नेछन् । सो सम्बन्धमा भौतिक निर्माण सँग सम्बन्धित कार्यविधि बनाइ पठाइसकेको व्यहोरा अनुरोध छ । उक्त टिमलाइ सामाजिक विकास मन्त्रालयबाट निरन्तर सहयोग गरिरहेका छौं । स्थानीय सरकारलाइ औषधी औजार खोप भिटामिन जस्ता महत्वपूर्ण जनस्वास्थ्यका सामाग्रीहरु निरन्तर सहयोग गर्ने कार्यहरु बिचमा जिल्ला स्थित स्वास्थ्यका संरचनाहरुले केही समस्या ल्याएको थियो । तर हाल उक्त समस्याको समाधान भइ सकेको छ । स्थानीय सरकारलाइ निरन्तर समन्वय सहकार्य र सहयोगको जिल्ला प्रदेश सरकारको जनशक्ति लागेको अवस्था छ । यो वर्ष जनस्वास्थ्य क्षेत्रमा स्थानीय सरकारलाइ सहयोग गर्ने गरी योजना निर्माण गरेका थियौं भने अर्को वर्ष चिकित्सिय सेवा सुधार हुने गरी अस्पताल क्षेत्रलाइ प्राथमिकता राखी योजना  निर्माण गर्ने तयारी गरिरहेका छौं । यो वर्ष अस्पताल क्षेत्रमा आवश्यकता अनुसार निकै कम बजेट विनियोजन र अस्पताल क्षेत्रको समस्या समाधानको लागि थप बजेट पनि अर्थ मन्त्रालयसँग माग गरिरहेका छौं । यति भन्दै माननीय सभामुख महोदय ससाना रकमको विषयमा निर्देशनालयमा जानुपर्ने भन्ने विषयमा पनि सम्मानित सदनमा उठेको थियो । त्यो विषयमा म सम्मानित सदनमा जानकारी गराउन चाहान्छु । प्रदेश सरकारको मातहतमा जिल्लास्तरको कुनै पनि निकाय वा कार्यालय नभएको हुँदा अधिकांश

कार्यक्रमहरु कार्यान्वयनमा जटिलता उतपन्न महसुस गरी प्रदेश सरकारको स्थापना देखी नै यस सन्दर्भमा संघीय सरकारसँग मन्त्रीस्तरीय वैठक, सचिवस्तरीय वैठक र विभिन्न औपचारिक कार्यक्रममा छलफलका साथै संघीय सरकारको ध्यानाकर्षण गराउने कार्य भएता पनि सो जिल्लास्तरका कार्यालयहरु यस सामाजिक विकास मन्त्रालय अन्तरगत हस्तान्तरण भइ आइ नसकेको अवस्थाले चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनको लागि शिक्षा विकास मन्त्रालय मार्फत र स्वास्थ्य कार्यालय मार्फत कार्यक्रमहरुलाई अगाढी बढाइएको अवस्था छ । तथापी कार्यक्रम सम्पन्न प्रतिवेदन पछि भुक्तानीको प्रकृयामा विद्यालयको हकमा विद्यालयको खातामा र उपभोक्ताको हकमा उपभोक्ताको खातामा निकासा हुने गरी निर्देशन गरिएको छ । समयमै कार्यसम्पन्न प्रतिवेदन स्वास्थ्य कार्यालय र शिक्षा विकास निर्देशनालयमा पुर्याउने व्यवस्थाको लागि सम्मानित सदनका माननीय सदस्यज्यूहरुलाइ माननीय सभामुखज्यू मार्फत अनुरोध गर्दछु धन्यवाद ।

**४. माननीय सदस्यहरु,**

यसपछि उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्री माननीय माया भट्टलाई आफ्नो मन्त्रालय सँग सम्बन्धीत प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**माननीय माया भट्ट**

माननीय सभामुख महोदय, मन्त्रालयको विभागीय जिम्मेवारीको विषयमा पटक पटक गरिमामय सदनमा प्रस्न उठिरहदा जवाफ दिन मन त हुँदाहुँदै पनि समय पाइएन आज बल्ल बल्ल समय पाइयो । धेरै दिन देखी १ वर्ष २ महिना जति हामीले मन्त्रालय सम्हालेको भइसकेको छ । थुप्रै खुल्दुलीहरु विचमा माननीय ज्यूहरुका बिचमा उठे । आम जनताका विचमा उठेका विषयहरु छन् र आफैलाई पनि उठान भएका विषयवस्तु जनताको विचमा जाने गरी यो गरिमामय सदनलाइ जानकारी गराउन पाएको भए हुन्थ्यो भन्ने धेरै दिन लागेको थियो तर आज सोभाग्य तपाइहरुको बिचमा आएर मन्त्रालयको विषयमा जानकारी गराउन पाउदैछु । तपाइहरुले मात्रै होइन मैले पनि सोचेको जति हामीले गर्नुपर्ने जिम्मेवारी वहनमा र जनताले माग गरे अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भइसके पछि घर घरमा जनताको पहुँचमा सरकारको काम हुनुपर्छ भन्ने मान्यता बोकेर नेपाली जनताको क्रान्तिको राप र तापले नजिक जनताले सेवा पाउनु पर्थ्यो त्यो खालको सेवा पाइएन कि तेताबाट हामीले पनि कसरी काम गरेर अगाडी बढ्ने हो भन्ने यो हामीलाइ पनि रात दिन त्यसको चिन्ता भइरहेको छ र त्यो चिन्ता हुँदा हुँदै पनि हाम्रा बाध्यताहरु हाम्रा नियमकानून हरु हामीले दिन सक्ने सेवाहरुलाइ आफै गएर छिटो छरितो भाषण गरे जस्तो हुँदो रहेनछ भन्ने चिन्ता पनि भएको छ र यै बिचमा अब एक वर्ष सम्म धेरै दिन कुरा उठे र धेरै दिन उठेका कुराहरु स्वभाविक रुपमा हामीले २/३ महिनामै दिनपाएको भए राम्रो हुन्थ्यो तर हिजो मात्रै उठेका कुरालाइ मैले सरसर्ती आफुलाइ जानेका कुरा र आफुसँग भएका कुराहरु तपाइहरुको बिचमा ल्याएर आएको छु । यो कुरा जनताको बिचमा गयो भने साँच्चिकै उठ्दा खेरी केही पनि भाको छैन केही पनि हुने छैन । जनता त नैरास्य पो हुने हो कि । व्यवस्था प्रति नै वितृष्णा हुने हो कि भन्ने खालको कुरा जो उठ्दैछ । यो चै सायद हुन्छ होला भन्ने मलाइ

लागेको छ । हिजो मात्रै उठ्दा खेरी कुरा बजेट विनियोजन हुदा खेरीका समस्या ज्यूका त्यु छन् भन्ने खालका कुरा उठे । यो साँच्चिकै हाम्रो पनि जानकारिमा के कति छ । अब अख्तियारी नै गएको छैन भन्ने खालका कुराहरु उठे । का गएन किन गएन त्यो कुरा प्रश्न गर्ने र उत्तर दिने मात्रै होइन यो गरिमामय सदन हो । असोजमा अख्तियारी गएको छ । कार्तिकमा अख्तियारी गएको छ । मंसिरमा अख्तियारी गएको छ । राज्यको पुनसंरचना भइसकेपछि राज्यको पुनसंरचनाले पुरै आकार लियो कि लिएन । त्यो आकार लिन बाँकी छ कि । १२५००० कर्मचारी हुनुपर्ने ठाउमा ८०००० मात्रै छन् भनेर मैले मात्रै सुनेको छैन होला । गरिमामय सदनलाइ पनि थाहा छ । असारमा बजेट विनियोजन गर्ने बेलामा डिभिजन कार्यालय प्रदेश मातहत रहने कि स्थानीय तहमै जाने कि संघीय सरकार मातहत जाने भन्ने अन्योल थियो । त्यति हुँदा हुँदै पनि प्रदेश सरकार पनि स्थानीय सरकार पनि संघीय सरकार पनि यो सबै जनताको सरकार हो । यो जनताको सरकारले काम गर्नुपर्ने यो भूगोल हो भनेर आफ्नो तर्फबाट भनि रहदा । त्यो बजेट विनियोजन गरेको बजेट जिल्लामा अख्तियारी दिदासम्म टुंगो लागेको थिएन । कहिलै पनि हामीलाइ मौखिक रुपमा खबर आउदा फेरी पनि यो डिभिजन कार्यालय संघीय सरकारकै मातहत रहने हो कि । बजेट विनियोजन माथि बाटै हुनेहोकि भन्ने खालको कुरा पनि आइरहेको छ । तर पनि बजेट कार्तिक महिनामा १० वटै डिभिजन कार्यालयमा अख्तियारी पठाएको छ । घरेलु उद्योगमा संघहरु छन् । साउनको महिना गोष्ठी गर्दाखेरी संघीय सरकारको सचिवमात्रै आउनु भाथ्यो । तेतिबेला मैले प्रश्न गरें ९ वटा जिल्लामा घरेलु कार्यालयहरु छन् । उद्योग, पर्यटन, वन वातावरण मन्त्रालयको मातहत रहने गरी नबनाउने न उद्योग आउने । पर्यटनको संरचनै छैन यो के हुने हो भनेर सोधनी गर्दा उद्योग कार्यालय भनेको प्रदेश सरकाको मातहत आउछ । संविधानतः प्रदेश सरकारको मातहत रहने भनी भनिएको छ । क्याबिनेट डिसिजनले स्थानीय सरकाको मातहत जान्छ भनेको छ तर त्यता जाँदैन होला । यतै आउछ भन्दा खेरी बजेट विनियोजन गरेको कस्को नाममा अख्तियारी दिने भनेर मंसिर गएर टुंगो लाग्यो र घरेलुको नाममा अख्तियारी गइसकेको थियो । मंसिर महिनामा अख्तियारी गयो र रह्यो कुरा पर्यटनको बजेटको कुरा रह्यो । संरचना थिएन संरचना बनाउन अधिकार थिएन र त्यो खालको नियम कानून बनिनसकेको हुनाले कसलाइ अख्तियारी दिने भन्ने खालको कुरा आयो । त्यो अख्तियारी दिदा खेरी मैले क्याबिनेटमा गएर आफ्नो पर्यटन इकाइ गठन गर्ने भनी कार्यान्वयनमा जानका लागि क्याबिनेटमा जानुपर्छ कार्यविधि बन्नुपर्छ । ती सबैखालका कुरा गर्दा खेरी भर्खर सम्पन्न गरेर तपाइहरुको बिचमा आउदाखेरी पर्यटनको अख्तियारी पनि गइसकेको छ र त्यसको संरचना तयार गरिएको छ । त्यो संरचना कार्यविधि बिना जान नसक्ने कार्यविधि बनाउनका लागि नियम नेपालगंजमा रहेको अफिसले मन्त्रालयमा रजिष्टरहरु मात्रै दिएको थियो ऐन कानून बनेको थिएन । त्यो अख्तियारी पनि गइसकेको छ । अब त्यसमा पनि समस्या आउन सक्छ । हिजो अस्ती मेरो मन्त्रालयको पनि त्यै होला । मेरो विभागीय मन्त्रालय मात्रै होइन । जनताको घर घरमा काम पर्याउने भनेर यो संघीय लोकतान्त्रिक गणतन्त्र जनताले मागेको हो तर क्षेत्रीय निर्देशनालय डोटीमा गएर बजेटको उपभोक्ता समितिले सम्झौता गर्नुपर्यो भने । फेरी घर घरमा कसरी सेवा पुग्छत भनेर हामीले कुरा गर्दा हामीले अझै पनि यो गरिमामय सदनसँग अधिकार छ । हामी त्यसतो खालको विधेयक ऐन कानून बनाउनका लागि पनि हामी तर्जुमा गरिरहेका छौं । जिल्ला जिल्लामा कार्यालय चाहियो । हिजोको भएका कार्यालयहरु पनि विगठनमा

जाने । स्थानीय सरकारको पहुँचमा त्यसता कार्यालयहरु नहुने । मन्त्रालयबाट विघटन भइसकेको भुसंरक्षणको कार्यालय डोटी र डडेल्धुरामा मात्रै छ र यो गरिमामय सदनले नबुझेर होइन मन्त्रालयको विभागीय कर्मचारीले नबुझेर होइन । संघीयतामा मुलुक गइसकेपछि यो विषयवस्तुले काहाँ गएर जनताको पहुँचमा हुनेहो भन्ने खालको कुरा अझै टुंगोमा नपुगेको म गरिमामय सदनलाइ जानकारी गराउन चाहान्छु । तर सबैले बुझेको छ डडेल्धुरा र डोटीमा मात्रै यो कार्यालय रहदा जमारीगाढमा आएको पहिरो नियन्त्रण गर्न जाँदा त्यै कार्यालय हुनुपर्छ भनेर । हाम्रो उदेश्य एउटै हो । मसँग भएका निर्वाचित माननीयज्यू हरु यहाँ हुनुहुन्छ होला । बिस वर्षसम्म स्थानीय सरकार देखी काम गर्दै आएको मान्छे म आफुपनि र जनताको तर्फबाट स्थानीय सरकारको पहुँचमा हुनुपर्ने स्थानीय सरकारको सुविधा दिन सक्ने गरी जनताको बिचमा काम हुनु पर्छ भन्ने मान्छे हरुले स्थानीय सरकारको बिचमा काम नजाओस भन्ने होइन तर कार्यालय न स्थानीय सरकारको ठाउमा हुने न प्रदेश सरकारको सबै संरचना हुने हो भने निर्देशनालयमा नआएर बजेट काबाट विनियोजन गर्ने, काँबाट दिने, काँ बाट पैसा खर्च गर्ने । यी सबैखालका कुराहरु हामीले जानी जानी यो अवस्था प्रति यो व्यवस्था नै वेठीक भयो कि भन्ने कुराको मलाइ लाग्छ यो कुरा हामी कसैबाट पनि हुँदैन भन्ने लाग्छ । यो विभागीय मन्त्रीको विषयले कुनै मन्त्रालयको पनि यस्तो हाइन होला भन्ने मलाइ लाग्छ । बजेट गएको नथाहापाउने कुरा हुनुहुदैन भन्ने म यो गरिमामय सदनलाइ जानकारी गराउछ । बजेट गएको छ । कार्यान्वयनमा जानका लागि संरचना तयार हुन्जेलसम्म यो केही भएन कि भन्ने हामीबाट कतै आउनु हुँदैन । त्यसो भाको हुनाले यो हिजो अस्ती मात्रै गएको बजेटले जनतालाइ हामीले हिजो १ वर्षसम्म दिएनौं भनेर हामीले मात्रै कुरा गयौं भने अरुले त कलाइ यसलाइ राम्रो भएको भनेर भन्ला । त्यसैले मन्त्रालयको काम गर्दा खेरी सबैलाइ जानकारी हुनुपर्छ भन्ने मान्यता हुदा हुँदै पनि विधेयकहरु कार्यविधिहरु बनाउदा खेरी हामीले पहिले छलफलमा ल्याउनु पर्थ्यो ल्याउन सकिरहेका छैनौं । केही कमी कमजोरी पनि हुनुसक्छन् । हामीले जानेका छौं हामीले गरिरहेका छौं त्यै ठीक हो भन्ने कुरा कहीकतै पनि हुनुहुदैन । र त्यती हुँदा हुँदै पनि बिधेयक र कार्यविधिहरु बनाउदा खेरी यो प्रदेशमा भएको छ वातावरण संरक्षण विधेयक गरिमामय सदनलाइ म जानकारी गराउन चाहान्छु । ६ वटा प्रदेशमा एउटा प्रदेशमा मात्रै टेबुल भएको छ । ३ नं. प्रदेशमा अरु प्रदेशमा टेबुल पनि भएको छैन र हामीले ऐनको रुपमा ल्याइसकेका छौं वातावरण संरक्षण विधेयक । औद्योगिक विकास विधेयक क्याबिनेटमा जानका लागि मुख्यमन्त्री कार्यालयमा टेबुल गरिसकेका छौं र ऐन बनाउनका लागि वन नीति संघीय सरकारले तयार पारिसकेपछि वन ऐन मस्यौदाका रुपमा तयार भइसकेको छ । नदीजन्य पदार्थको विधेयक पनि तर्जुमा भइसकेको छ र ढुंगा गिट्टी बालुवा तत्काललाइ काम गर्नका लागि कार्यविधिबाट काम गर्ने भनेर कार्यविधि तयार भइसकेको छ र यसो भको हुनाले मन्त्रालयबाट हुनुपर्ने कामहरु ४५ जना मन्त्रालयमा कर्मचारी हुनुपर्ने ७ जना कर्मचारीबाट काम चलाएर भएपनि जनताको बिचमा काम लैजाने मनसायका साथ मन्त्रालयले आफ्नो क्रियाकलापलाइ अगाडी बढाइरहेको छ र जासम्म हिजो मात्रै कुराउठ्यो टेम्बर कर्पोरेसनको काठ वितरण प्रणालीमा यो प्रदेश सरकारले गरेको हो कि अथवा यो प्रदेश सरकारले जानकारीमा छ कि छैन भन्ने खालको कुरा आयो । अहिले पनि हामी संघीय सरकारले बनाएर ऐन कानूनहरुमा बसेर पनि काम गर्दै छौं र हाम्रो प्रदेशले पनि काम गर्दैछ र संघीय सरकारको कानूनले त्यो टेम्बर कर्पोरेशन टिसियान भन्ने संस्था संघीय सरकारको

मातहतमा रहेर काम गर्दैछ तेले गरेको कामलाइ प्रदेश सरकारले निगरानी गर्न पक्कै पनि पर्छ होला तर तेले काठ यो प्रदेशमा काठको आपूर्ति नबनाइकन नभइकन काठमाडौ धनाढ्यहरुको बिचमा काठ वितरण गर्दैछ भन्ने कुरा जो गुनासो सुनियो । जनताको बिचमा छ । माननीयज्यूहरुले जानकारी गराउन स्वभाविक रुपमा त्यो कुरा प्रदेश सरकारले पनि जान्न जरुरी हुन्छ र हुँदाहुँदै पनि मलाइ लाग्छ मैले आउन बितिकै देखी यो जिल्लामा र यो प्रदेशमा काठ उपलब्ध हुन सकेन भनेर गुनासो आउदा खेरी किन भइरहेको छैन प्रदेशले किन पाउदैन भनेर सोध्दा खेरी कसरी काठ बाहिर गएको छ भनेर सोध्दा खेरी संघीय सरकारले गरेको निर्णय भुकम्प पीडितहरुलाइ काठ उपलब्ध गराउने गरी क्याबिनेट र संघीय सरकारको नियमअनुसार काठमाडौंमा त्यो काठ जाँदोरैछ भनेर पैला पनि सुनेको थिएँ । अहिलेपनि हामीले वन ऐन तयार गरिसकेपछि र वन नीति संघीय सरकाले हामीलाइ उपलब्ध गराइसकेपछि हामीले त्यो क्रियाकलाप गर्दा खेरी हाम्रो काम अगाडी बढाउदा खेरी मलाइलाग्छ हाम्रो प्रदेशमा त्यो काठ उपलब्ध नभइकन काठमाडौ नजान पाउने होला । तर पनि संघीय सरकारको कानूनलाइ हाम्रो सहकार्य समन्वय र सहअस्तित्वलाई हामीले बुझ्नु पर्छ । विदेशीले पनि यो देशलाइ भुकम्प आइसकेपछि सहयोग गर्छ भने हामीले प्रदेशबाट भुकम्प पीडितलाइ कसरी काठ दिन मिल्छ भन्ने कुरा होइन । तर त्यो भुकम्प पीडितलाइ मात्रै गएको छ कि छैन भनेर त्यो कुरा निगरानी गर्न गरिमामय सदनको पनि जिम्मेवारी रहन्छ । हामी त्यै तपाइहरुले दिएको सुझाव अनुसार का गइरहेको छ भन्ने कुरा पनि कुसरी गइरहेको छ भन्ने कुराको छलफल गरौला र सदनले दिएको जिम्मेवारी अनुसार यो मन्त्रिको मात्रै काम होइन यो प्रदेशको यो जनताको यो गरिमामय सदनको काम हो र हामी सबै एक ठाउमा रहेर एक ढुंगाका भएको हुनाले हामी सबैले गलत क्रियाकलापहरु गलत कुराहरु का बाट निस्की रहेका छन् यसको हामीले यसता कुराहरुलाइ निरुत्साहित गर्दै सरकारको क्रियाकलापलाइ हामीले सरकारको कामलाइ प्रोत्साहन दिने हो । हामीले प्रोत्साहित गर्ने हो काम गर्ने मान्छेलाइ भने प्रदेश सरकारले बिगारेको केही पनि छैन भन्ने मलाइ लाग्छ र सपार्नका लागि समय छ । त्यो समय उपलब्ध गरिमामय सदनले दिन्छ र आम जनताले पनि हामीलाइ दिन्छन् भन्ने मलाइ लाग्छ र साँच्चिकै भन्नेहो भने प्रदेश सरकारले विनियोजन गरेको बजेट स्थानीय सरकारलाइ दिनुपर्छ भन्ने कुरा पनि हिजो उठे । सिधै स्थानीय सरकारलाइ बजेट दिने हो भने बजेट विनियोजन गर्नका लागि या किन प्रदेशमा सबै आउनुपर्यो डल्बै बजेट स्थानीय सरकारमा गएको भएपनि हुन्थ्यो । त्यो जान्छ भोलीका दिनमा त्यसतो नियम कानून बनाएर हामी अघी बढ्छौं भने प्रदेश सरकार ऐन कानून बनाउनमा लागोस आफ्नो काममा लाग्छ र त्यो खालको मेन्डेड यो सदनले नै दिने हो र हामीले बनाउने नियम र कानूनमा नजान्जेलसम्म र हामीले छुट्याएको बजेट हामीले विनियोजन गरेको बजेट हामीले कसरी खर्च गर्न सक्छौं त भन्दाखेरी पुरानो ऐन नियममानै टेकेर जानुपर्छ होला र स्थानीय सरकारलाइ छुट्याउनु पर्ने बजेट अर्को मन्त्रालयको के छ हाम्रो मन्त्रालयको बजेटमा १७ करोड बजेट सुपथ मुल्यका पसल खोल्ने भनेर हामीले जो बजेट छुट्याएका छौं र त्यो बजेट बनाउदाखेरी ७ करोड ८० लाख बजेट उद्योग संचालनका लागि र १७ करोड ७५ लाख बजेट सुपथ मुल्यका पसल खोल्नका लागि सहुलियत मुल्यका पसलले जनतालाइ सुविधा दिनका लागि खोल्ने भनेर हामीले जो छुट्याएका छौं त्यो मैले आफुले मात्रै फेरी म माननीयज्यूहरुसँग सललाह गरौला र अरु विभागीय मन्त्रीज्यूहरुसँग पनि सल्लाह गरेर नै कार्यविधि पास हुन्छ । त्यो गर्नुभन्दा अगाडी मस्यौदा तयार हुदा खेरी

मैले सोचेको कुरा म तपाइहरुका बिचमा राख्न चाहान्छु । हामिले छुट्याउने बजेट सिधै स्थानीय सरकारलाइ दिन नसकिने हो भनेपनि स्थानीय सरकारकै पहुँचमा रहनेगरी स्थानीय सरकारले सिफारिस गर्ने गरी भोली त्यसबाट उठ्ने कर त्यसबाट तिर्नुपर्ने करले स्थानीय सरकारमा १% लाइन्छ कि २% लाइन्छ त्यो क्याबिनेटले डिसिजन गरेपछि स्थानीय सरकारसँग समन्वय गर्ने गरी त्यो ७ करोड र १७ करोड बजेट हामीले त्यसरी विनियोजन गर्नेगरी कार्यविधि बनाउदै छौं । र १० करोड बजेट जो हाम्रो मन्त्रालयको जडिबुटी उत्पादन प्रशोधन भण्डारण भन्ने बजेटको रुपमा हामीले राखेका छौं त्यो प्राइभेट सेक्टरलाई ठुलै उद्योगको रुपमा संचालन गर्ने गरी प्राइभेट सेक्टरसँग साझेदारी गर्ने कि भनेर हामीले कार्यविधि बनाइरहेका छौं र त्यसपछि ग्रामिण उद्योगहरु खोल्ने भनेर गाउँपालिकामा जो हामीले बजेट विनियोजन गरेका छौं त्यो स्थानीय सरकारसँग साझेदारीमा बाजुरा डोटी र वैतडीमा ग्रामिण उद्योगहरु संचालन गर्ने भनेर साना खालका उद्योगहरु खोल्ने भनेर हामीले बजेट विनियोजन गरेका छौं त्यो पनि स्थानीय सरकारसँग साझेदारीमा हामी काम गर्ने भनी कार्यविधि बनाइरहेका छौं । र ५० करोड बजेट जो हाम्रो मन्त्रालयले विनियोजन गरेको थियो खाद्य संचालनका लागि खाद्य डिपोहरु संचालन गर्ने भनेको थियो त्यो बजेट सम्पुरक बजेटको रुपमा मेरो मन्त्रालयमा विनियोजन गरिएको बजेट त्यो बजेट केन्द्र सरकारले ५० करोड अरु दिएन भने त्यो बजेट यो वर्ष खर्च हुन नसक्ने अवस्थामा रहेको हुनाले खाद्य डिपो खोल्नका लागि तेले समस्या पारिरहेको छ । केन्द्र सरकारसँग हामीले मागेका छौं ५० करोड बजेट उले सम्पूरक बजेटको ५० करोड माथिबाट पनि दियो भने हामी त्यो दुइ महिनामा भए पनि खाद्य डिपो राख्नका लागि कार्यविधि बनाएर त्यो विकास निर्माण गर्नुपर्ने घर बनाउनु पर्ने यति दिन राख्नै पर्ने भन्ने कुरा भएको हुनाले जेठ सम्मपनि त्यो बजेट उपलब्ध भयो भने हामी त्यो बजेटलाइ कार्यान्वयनमा लैजान सक्छौं । र त्यो बजेट नआउने सम्भावना धेरै भएको हुनाले ५० करोड बजेट नदिन सक्ने सम्भावना भएको हुनाले हामीले कार्यविधि हामीले मस्यौदा तयार गरेका छौं तर आएपछि मात्रै अन्तिम कार्यविधि बन्ने वाला छ । त्यसैले अरु थुप्रै बजेटहरु वनको वनमा गइसकेको घरेलुको घरेलुमा गइसकेको र स्थानीय सरकारले पनि प्रदेश सरकारको बजेटलाइ राम्ररी ध्यान दिन सकेन भने हाम्रो बजेट विनियोजन गरेर मात्रै हुँदैन खर्च गराइमा पनि भोली समस्या आउन सक्छन् । अहिले पनि मेडपा प्रोजेक्ट भनेको एउटा जिल्लामा १ करोड बजेट विनियोजन भएको थियो । मेडवा प्रोजेक्ट भन्ने प्रोजेक्ट थियो त्यो प्रोजेक्ट यो देश भरीका सबै प्रदेशहरुमा थियो । सबै प्रदेशहरुमा कार्यान्वयनमा जान सकेको छैन । यो प्रदेशमा पनि यो दुइटा जिल्लामा कामकारबाही अगाडी बढ्न सकेको छैन । स्थानीय सरकारलाइ नै जिम्ममा दिने हो भने पनि त्यो कामलाइ त्याहाँको सरकारले आफ्नो अपनत्व नबनायो भने अपनत्व स्वीकार गर्न सकेन भने त्यो बजेट पनि अहिले खर्च हुन सकिरहेको छैन । त्यसो भएको हुनाले मैले समग्र रुपमा भन्न खोजेको कुरा एउटै हो यो सरकार १ वर्ष भइसक्यो केही पनि काम भएन भन्ने कुरा सँग म आफु सहमत हुन सकेन र यो सहमत नभएको हुनाले बाहिर हामी भन्न जाँदैनौं यो गरिमामय सदनले १ वर्षसम्म केही काम गरेन कुनै पनि काम भएन हैन जुन काम हुन सकेको छैन जुन काम कुन कारणले रोकिएको छ भनेर भन्यो भने त्यो काममा गरिमामय सदनसँगै सल्लाह गरेर अगाडी बढाउने विभागीय मन्त्रालयको हिसाबले म तपाइहरुको बिचमा राख्न चाहान्छु र काम भएन भनेर हामीले सिगोंरुपमा भन्दै गयौं भने काम के भएन भनेर प्रश्न गर्दाखेरी हामी सबैलाइ त्यसको दोषारोषण होला भनेर मलाइ डर लागिरहेको छ

। र बजेट किन आएन भन्ने पनि म व्यक्तिगत रुपमा भन्नुपर्दा खेरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा बजेट थोरै भयो भन्ने गुनासो छ । थोरै हुनुको कारण संघीय सरकारले बजेट दिने हो संघीय मातहत रहन सक्छ भन्ने कुरा मसँग दुइ दुइटा मन्त्रालयहरु उद्योग, पर्यटन, वन तथा वातावरण हुँदाखेरी उद्योग पनि संघीय मार्फत रहने वन पनि संघीय मातहत रहने पर्यटनको संरचना नहुने बजेटको ढुलमुल भयो । तेतिबेला बजेटको पनि छुट्याउन नसकिएको माग गरी नआएको जिल्ला जिल्लाबाट हामी संघीय सरकार मातहत जान्छौं भनेर बजेट माग भइ नआएको । म साँच्चिकै भन्नेहो भने माननीयज्यूहरुले बजेट माग भइ दिएका कुराहरुमा पनि वनको बजेट माग भइ नआएको हुनाले मलाइ पनि व्यक्तिगत रुपमा समस्या परेको हुनसक्छ । त्यसैले हामी पनि परिपक्क हुँदै छौं । यो सबैले धेरै अनुभव संगालेर धेरै सदन र सरकारमा काम गरेको अनुभव नहुनसक्छ हामीसँग । अनुभव छैन भनेर हामीले जिम्मा लिउला भनेर हामीहरु सबै यहाँ आएका छौं भने त्यो अनुभवलाई एक अर्काबाट साँटेर अर्काको अनुभवलाइ लिएर काम गर्ने प्रतिवद्धता पक्कै पनि चाहिन्छ । काम गर्नका लागि मलाइ लाग्छ यो सदनमा सकैको पनि कसैका गलत नियत छैन काम नगर्ने मनसाय छैन सबैको चिन्ताको विषय यसैमा उठेको थियो । सरकारको काम गराइ ढिला भयो कि भन्ने । यो चिन्ता लिनु स्वभाविक कुरा हो । हामीले चिन्ता नलियौं भने त मान्छेले कामै गर्न सक्दैन । ढक्ढक्याउनु पर्यो जस्को बढी जिम्मेवारी छ उसले बढी जिम्मेवारी लिएर काम गरिनुपर्यो भन्ने कुरा उठ्नु स्वभाविक हो तर मन्त्रालयको कुरा सूचनाको हक भएन सूचनाको हक हुँदा हुँदै सूचना पाइएन भन्ने छ मलाइ लाग्छ मैले पनि धेरै कुरा हेर्न सकेको छैन होला । सूचनाको हकलाइ वेवसाइटमा राखेर हाम्रो मन्त्रालयको दिनानुदिनको कार्यक्रम हो । हप्तामा एक चोटी वेवसाइटमा राखेर कार्यक्रमहरुलाइ डाउनलोड गरेर सबै माननीयज्यूहरु जानकार हुनुहुन्छ योग्यता क्षमतामा कमी छैन हेर्न सक्नुहुन्छ । यदी त्यो कुराले पुगेन भने इमेल आइडी सचिवालयबाट लिएर ५३ नै जना माननीयज्यूहरुलाइ हामीले गरेका क्रियाकलापहरु इमेल आइडीमा पठाइदिने प्रतिवद्धता तपाइहरुको बिचमा राख्न चाहान्छु । हामीले गरेका क्रियाकलापहरु अहिलेको यो २१औ सताब्दीमा हामीले गरेका लुकाउन र चोर्नेकाम केही पनि छैनन् । जनताको बिचबाट अनुमोदन हुन भनेर सोचेका छौं । जनताले माग भइ आएका कुरा हुन भनेर सोचेका छौं । योजना आयोग बन्नु पर्थ्यो पर्यटन बोर्ड बन्नुपर्थ्यो बनिसकेको छैन र माननीय ज्यूहरुले मन्त्रिज्यूहरुले आफुखुशी गर्नुभाछ भनेर शंका नमानिदिन पनि म अनुरोध गर्न चाहान्छु । र हामीले बुझेको जानेको छ भने पनि मैले वैतडी मात्र बुझेको हुँदा तर थुप्रै माननीयहरुले आ-आफ्नो जिल्ला बुझेर पनि अरु थुप्रै ठाउ बुझेको छ । हामीले त्यै जानेका छौं । हामी संगसंगै मन्त्रि भन्ने कुरा सबैलाइ सँधैभरी भइरहने चिज पनि होइन र एकले अर्कासँग आफ्ना कुरा राख्नुपर्ने बेला आउन सक्छ । तर त्यति बेलाको जवाफदेहीताका लागि अहिलेको पारदर्शता आवश्यक छ भन्ने मैले ठानेको छु र हामी कोही प्रश्नकर्ता हो कोही उत्तर दिने मान्छे भन्ने मैले सोचेको छैन । प्रश्नकर्ता पनि हामी केही होइनौं । सदनबाटै हरेक खालका नियमहरु पास हुने समितिबाट पास हुने हामी त कामकर्ता कारिन्दा हौं भन्ने मलाइ लागेको छ । विधेयक तयार गर्दा खेरी हामीले मस्यौदा मात्रै ल्याएर यो हामीले बुझेका छौं तपाइहरुको बिचमा ल्याउछौं भन्ने कुरा मात्रै हामीले गरेका छौं जस्तो लाग्छ तर हामीले जे काम गर्छौं हामी सबैको जिम्मेवारी हुनेवाला छ र स्थानीय सरकारलाइ नजरअन्दाज गर्यो कि भन्ने कुरा भन्ने मनबाट हटाइदिनु होला । बिसवर्ष सम्म स्थानीय सरकार स्वात्त शासन ऐन लागु

हुनुपर्छ । केन्द्रिकृत शासन प्रणालीको विरुद्धमा लडेर विकेन्द्रिकरण शासन प्रणाली स्थापित हुनुपर्छ भनेर लाग्यौं र यो बिचबाट राजनीतिकरण दिने संघीयतामा मुलुक लग्यो त्यो मुलुकमा यो अवसर प्राप्त भएको छ । यो अवसर प्राप्त भएको अवसरलाइ मान्छे सबै कुरामा बत्तिससिमनले युक्त हुँदैन र आफ्नो कार्यक्रमको विषयमा जानकारी गराउनका लागि र कन्जुसाइ कहिलै गरिने छैन भन्ने तपाइहरुको बिचमा प्रतिवद्धता जाहेर गर्न चाहान्छु र मसँगै उठेका कुरा एक वर्षपछि हामीले जवाफ दिदा खेरी केही कुरा छुट्छ कि भन्ने लाग्छ । दुइटै महिनामा जवाफ दिनका लागि हामी कोसिस गरौं । उठेका कुराहरुको विषयमा मैले भनिहालें गरेका कुराहरु इमेल मार्फत दिने त जानकारी गराएँ र उद्योग पर्यटन वन वातावरण मन्त्रालयले एउटा पनि काम गरेको छैन भन्ने कुरा खण्डन गरिदिन हुन पनि म आग्रह गर्न चाहान्छु । अरु प्रदेशको पनि हामीले जानकारी लिनु पर्छ । अहिले सम्म पर्यटनको बजेट ३ नं. प्रदेश र सुदूरपश्चिम प्रदेशमा मात्रै यो बजेट अख्तियारी गएको छ । कर्णाली देखी ५ नं. प्रदेशमा पनि पर्यटनको अख्तियारी गएको छैन । त्यसो भाको हुनाले राम्रो कुरा सुदूरपश्चिमबाट भएछ भन्ने कुरा हामीबाट जानु पर्दछ भन्ने मलाइ लागेको छ र मैले भन्नु पर्दा नभन्नुपर्ने होला तर पनि नामाकरण र राजधानी तोक्न नसकेका प्रदेश हुँदाहुँदै पनि यो प्रदेशले के गरेन नाम तोक्न सफल नामांकरण गर्न सक्यो प्रदेशको राजधानी तोक्न सक्यो मन्त्रालयको सबै खालको बजेट दिन सक्यो र कार्यान्वयनमा जाँदा खेरी इस्टिमेट भइसकेका छन् र मुल्यांकन हुने अवधि पनि कुनै कुनै योजनाको आइसकेको छ । नर्सरी अषाढमा बनाउनु पर्छ भने जेठ मै नबनिसकेको होला । त्यसो भाको हुनाले कामको विषयमा प्रश्ट रुपमा यै काम गर्नुपर्ने भएन भन्ने जानकारी आयो भने हामीले उहिलै देखी आत्मा आलोचना गर्न जानेका छौं । नजानेका कामलाइ अरुबाट प्रशिक्षणात्मक रुपमा सिक्न जाने गरेका छौं । त्यसो भाको हुनाले आफ्नो कामलाइ पारदर्शी रुपमा बनाउनका लागि सबैबाटऐ सुझाव लिन म सधैब तमतयार रहनेछु । बजेटकै विषयमा मात्रै होइन बजेट कति गयो किन गएन भन्ने कुरा सँधै उठाउनु भन्दा भनि जनताको बिचमा सुशासन कायम गर्ने गरी हिजो भएको क्रियाकलापले जनता खुशी भएनन् । अब जनतालाइ सहज र सरल हुने गरी हामी सबैको जिम्मा हो भने हामी तत्काल मैले भन्न खोजेको कुरा याबाट यो विधेयक कुन मन्त्रालयबाट लिएर आउनुहुन्छ या त स्थानीय सरकारको बिचमा अहिलेसम्म भएका संरचनाहरु स्थानीय सरकार मातहत जाउन या त प्रदेश सरकार मातहतमा रहनेहुन् भने संरचनाको परिपूर्ति हुनुपर्छ र त्यो परिपूर्ति भएन भने अझ फेरी हामीले दुइ महिनामा खाली दवाव मात्रै दिइरहने कुरा हुन्छ । त्यसो भाको हुनाले फेरी यो वर्षको बजेटमा हामीलाइ समस्या नै रहने हो । अरु मन्त्रालयको मलाइ सबै नभएपनि मेरो मन्त्रालयको बजेटले दइटा जिल्लाको कामले जनताको पहुँचमा भएको हो कि होइन । डोटी र डडेल्धुरामा दार्चुलाबाट आउनुपरेको मान्छेले भोलि समस्या आउन सक्छ । त्यो समस्या समाधान गर्नका लागि सरकारको ध्यान गएको छ । ध्यान जाँदाजाँदै पनि त्यो अख्तियारी हामीले पाएका छैनौं । त्यसो भएको हुनाले छिटै आफ्ना कुरा सकेर जानुपर्ने हुँदा हुँदै पनि मलाइ लाग्छ इमेल दिनुस र त्यसपछि मात्रै हामी सूचना जाहेर गर्छौं भन्न खोजेको होइन । बजेट त्यसमा भएन भनेर वाहाले हिजो माननीयज्यूहरुले कुरा उठाउनु भाथ्यो । बजेट छैन भनेर हामी आज कुरा नउठाउ । बजेट जे जति आएको छ १ वर्षको बजेट कार्यान्वयनको कुरा उठायौं भने अर्का वर्षका लागि पनि हामीले बजेट तर्जुमा गर्न लाग्ने बेला आइसकेको छ । त्यसका लागि योजना आयोग छिटो बनाउनका लागि तपाइहरुबाट सुझाव आयो भने यो मन्त्रीले गर्नुपर्ने

काम अरु ठाउमा बाँडफाड हुनुपर्यो र नगर्नुपर्ने काम पनि जिम्मेवारी बहन गर्नुपर्दा खेरी काही कतै कम्जोरी हुन्छ कि भन्ने मलाइ लागेको छ । त्यसैले तपाइहरुका बिचमा हामी कतै काही कम्जुस्याइ नगर्ने प्रतिबद्धता जाहेर गर्न चाहान्छु र दिनानुदिन चौबिसै घण्टा हजुरहरुले सोधेको कुरा म जवाफ दिन तयार रहने गरी मन्त्रालयमा भएका थुप्रै बजेट छन् भन्ने होइन थोरै बजेट छ चिन्ता जाहेर गरिदिएर अर्को वर्षका लागि यो सुझाव दिनुहोला भन्दै विदा हुन्छु धन्यवाद ।

*(जवाफ दिएपछि)*

**५. माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

**६. माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**७. माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि पुनः विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुत कर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई अनुमति दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि यस सभामा सैद्धान्तिक छलफल भई विस्तृत रुपमा दफावार छलफलका लागि विधायन तथा प्रदेश मामिला समितिमा पठाइएकोमा उक्त समितिमा व्यापक छलफल भई दोश्रो पटक प्रतिवेदन समेत पेश भई सकेकोले प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ को खण्ड (क) बमोजिम सभामा समितिको प्रतिवेदन र मुल विधेयक माथि समग्र रुपमा दफावार छलफल गरी विधेयकको प्रक्रिया अगाडी बढाइयोस भन्ने प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

**८. माननीय सदस्यहरू,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

९. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

***("हुन्न" भन्ने आवाज सुनिए)***

"हुन्छ" भन्ने माननीय सदस्यहरूको संख्या भन्दा "हुन्न" भन्ने माननीय सदस्यहरूको संख्या न्युन देखिएकोल **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि विधायन तथा प्रदेश मामिला समितिबाट दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव बहुमतले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

**१०. माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ३ (तीन) मिनेटको समय निर्धारण गरेको छु ।
सर्वप्रथम मा० अमर बहादुर साउँदलाई समय दिन्छु ।

**माननीय अमर बहादुर साउँद**

माननीय सभामुख महोदय, नेपालको संविधान २०७२ को अधिनमा रही संघीयताको पूर्ण कार्यान्वयन तथा प्रादेशिक सरकारलाइ प्रभावकारी बनाउनका लागि प्रदेश सरकारले ऐन बनाउने जुन अधिकार पाएको छ । त्यो हाम्रो सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट प्रदेशमा सुशासनको प्रत्याभूति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ यो सम्मानित सदनमा प्रस्तुत गरी त्यसको दफावार र सम्बन्धित विषयगत समितिमा दफावार छलफल भइ पूनः यो सम्मानित सदनमा यसलाइ कार्यान्वयन गर्नका लागि यसलाइ पास गर्नका लागि जुन माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको छ यसले पक्कै पनि हाम्रो अहिलेको प्रादेशिक

सरकारले जुन बजेट कार्यान्वयनका सम्बन्धमा अथवा प्रदेश संचालनको निम्ति रहेका अन्योलता र अनिश्चितताहरुलाइ अन्त्य गर्दै आगामी जुन प्रदेश सरकार गतिविधिलाइ एकदम तिब्र गतिमा यो प्रदेशको विकासमा सुशासनको प्रत्याभूति  गर्न यो विधेयकले महत्वपूर्ण भूमिका खेल्ने र यसमा भएका प्रावधानहरु अत्यन्त राम्रा र प्रदेश सरकारलाइ सहयोग गर्ने खालमा भएकाले यो विधेयक अत्यन्त राम्रो छ । यो राम्रो छ भन्दै यसको पक्षमा र यो पास हुने मैले अपेक्षा गर्दै विदा हुन्छु हवसत धन्यवाद ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय, सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि हामी छलफल गर्दै छौं । र यो समितिमा गहन छलफल भएको छ र समितिका सदस्यज्यूहरुले गम्भिर छलफल गरेर प्रतिवेदन सहित यहाँ पेश गरेको छ म समितिका सभापति र समितिका सदस्यज्यूहरुलाइ हार्दिक धन्यवाद दिन चाहान्छु । प्रतिवेदनको ७ र १७ मा अलिकति १/२ वटा कुराहरु पेश भएको जस्तो लाग्दैन । ७ मा प्रथम चौमासिकमा सम्झौता गर्नुपर्ने छ त्यो हुन नसकेको खण्डमा दोश्रो चौमासिकमा संशोधन गर्नुपर्ने भनिएको छ । त्यसको क्यालिरिटी भइदिएको राम्रो होला जस्तो लाग्छ । १७ मा प्रयोजनाको छनौट सांसद स्थानीय तहहरु लगायत विज्ञ भनेको छ विज्ञको आधिकारिकता के हो भन्ने कुराहरु अझ पुस्ट्याइ भएको खण्डमा त्यो राम्रो होला र अत्यन्त राम्रो मस्यौदा छ । अब जाहासम्म प्रशासनिक कार्य संचालनका आधारहरु छन् जसमा राष्ट्र, राष्ट्रियता तथा भौगोलिक अखण्डताको सम्मान, समावेशीकरण, कानूनको शासन, पारदर्शी, वस्तुनिष्ठ, जवाफदेही, भ्रष्टाचारमुक्त चुस्त प्रशासन लागयतका अत्यन्त राम्रा प्रावधानहरु छन् र अख्तियार गर्ने नितिहरु पनि छन् समाजवादउन्मुख, गरिबिनिवारण, सन्तुलन विकास जस्ता महत्वपूर्ण पक्षहरु पनि छन् । यो २१ औं शताब्दी सभ्य मानवको युग हो सभ्य राज्य र वास्तवमा लोकतन्त्र भित्र सुशासनको अनुभूति हुन्छ । जहाँ सुशासन हुदैन त्याहाँ लोकतन्त्रको अनुभुति हुँदैन । त्यसैले यो २१औं शताब्दी मानवको युग भएको नाताले सुशासन पहिलो सर्त हो । र आज जहाँसम्म मलाइ लाग्छ हामीले सुशासन सम्बन्धी हामीले पाएको जिम्मेवारीलाइ कुन ढंगले कार्यान्वयन क्षेत्रमा व्यवस्थापन गरेका छौं भन्ने कुरा पहिले आफ्नो मुल्यांकन गर्न जरुरी हुन्छ । यो विषय आफुबाट शुरुवात गर्नु पर्छ । मलाइ लाग्छ राम्रो काम गर्ने कुराबाट यो ऐनले वंचित गरेको छैन । र मलाइ जहासम्म लाग्छ यो ऐन आइसकेपछि हामीमा परिवर्तन हुन्छ कि हुँदैन त्यो अपेक्षा गर्नु जरुरी हुन्छ । त्यसैले सवाल के हो भन्दाखेरी कुनै पनि पद प्राप्त गर्दा कुनै पनि ठाउँमा जिम्मेवारी प्राप्त गर्दा उसको काम कर्तव्य अधिकार प्रस्ट रुपमा लेखेको हुन्छ । उसका जिम्मेवारीका कुराहरु प्रस्ट रुपमा लेखिएका हुन्छन् । र त्यो कार्यतालिका अनुसार हामी त्यो ढंगले व्यवस्थापन गर्न सकेनौं । आजको प्रशासन आजको हाम्रो कार्यशैली सर्वसाधारण जनतालाइ सम्मानजनक सहजढंगले सेवा पुर्याउन सक्यौं कि सकेनौं यो अहं प्रश्न छ । मैले आदर्शका कुरा गरेर त्यो पेट भरिदैन । र वास्तविक रुपमा दुरदराजका व्यक्तिहरुलाइ सम्मानजनक सहजतरिकाले सेवा पुर्याउन सकेका छौं कि छैनौं भनेर विश्लेषण गर्नु जरुरी छ र त्यसैले हामीले पाएको जिम्मेवारीबाट हाम्रो ठाउबा६ हामीले के कसरी सेवा प्रवाहलाइ सही ढंगले समयमा नागरिकले सेवा पाउन सकुन र जसलाइ यो देशमा कानूनी राज्य या सुशासनको अनुभूति र संघीयताको परिवतर्नको अनुभूति हुन सकोस ।आज त्यो नागरिकले त्यो खोजेको छ र मलाइ लाग्छ यो विधेयक सरसर्ती हेर्दा धेरै कुराहरु राम्रा छन् तर ती काला अक्षरहरु आफै बोल्दैनन् आफे सजिव हुन सक्दैनन् । त त्यो विधेयक जब ऐनमा पास भइसके पछि त्यसको मुल मर्म र भावना अनुसार

हाम्रो कार्यशैलीहरु हामीले पाएका जिम्मेवारीहरु जिम्मेवारीपूर्वक लोकतान्त्रिक विधि र प्रद्धती र मुल्य र मान्यताका आधारमा सुशासन दिन सक्छौं कि सक्दैनौं त्यो महत्वपूर्ण कुरा छ । त्यसैले मैले आशा गरेको छु अब यो ऐन बनिसकेपछि यो प्रदेशका नागरिकहरुले सुशासन पाउने छन् । हामी जुन जुन तहमा हाम्रो जिम्मेवारी छ हामीमा परिवर्तन आउनेछन् । र साथमा सुदूरपश्चिम प्रदेश सुशासन मैत्री प्रदेशकोरुपमा यो ऐन पास भइसकेपछि हर क्षेत्रमा यो प्रदेश सुशासन मैत्री प्रदेश बन्यो भनेर अरुले पनि अनुकरण गर्न सकुन भनेर सुभेक्षा व्यक्त गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय, हामी फेरी सुदूरपश्चिम प्रदेशमा सुशासन अनुभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा हामी फेरी पनि छलफल गर्दैछौं । वास्तवमा हाम्रो सुदूरपश्चिम प्रदेश भर्खरै हाम्रो माननीय मन्त्रीज्यूले सदनमा जवाफ दिदै गर्दा हाम्रो प्रदेश त धेरै अगाडी पुगिसकेको रैछ भन्ने एउटा वाहाको भनाइबाट देखियो । साँच्चिकै हाम्रो माननीय मन्त्रीज्यूले भनेजस्तै हाम्रो प्रदेशमा सुशासन कायम भएको हो भनेदेखी त हामी धेरै अगाढी छौं । म अलिकति यो मैले हेरे हामी फेरी दोश्रो पल्ट दफावार छलफल गर्दै छौं । माननीय ज्यूले यहाँ १७ नम्बरमा विज्ञ भन्ने शब्द यहाँ लेखिएको छ मेरो आँखा त्यहाँ पुगेको थियो । यो आफ्नो मन्त्रालयको कार्यक्षेत्र अन्तरगतका विषयहरुमा दिगो विकास र समृद्धीमा योगदान पुर्याउने र कम समयमा बढी प्रतिफल दिने दिर्घकालिन महत्व राखी उत्पादनमुलक आयोजना तथा परियोजनाको अध्ययन गराइ परियोजना वैंक तयार गर्दा प्रदेश सांसद वा प्रदेश आयोजना आयोग वा स्थानीय तह वा विज्ञहरुको प्रतिवेदनबाट सिफारिस भई आएका योजना परियोजनाहरुलाइ मात्र समावेश गर्नुपर्ने छ भनेको छ । यो विज्ञ भनेको अब कुन विषयको विज्ञ हो । यहाँ प्रदेशका माननीय पनि छ आयोग पनि छ र स्थानीय सरकार पनि छ भने यो विज्ञ कुन विषयको विज्ञ हो मलाइ लाग्छ आफ्नो निर्वाचन क्षेत्रको विज्ञ त त्यहाँको निर्वाचन क्षेत्रको सांसदहरु योजना आयोगको स्थानीय सरकार छ । मलाइ लाग्छ यो विज्ञ भनेको के हो भने म बुझ्न सकेन । त्यसकारणले यो यदि अब मैले बुझ्न नसकेको हो भने एउटा कुरा आउला तर विज्ञ भनेको आफ्नै ढंगले विज्ञ ल्याएर योजनाहरु समावेश गराउने हो कि भने त्यसकारणले यसको स्पष्टता हुनुपर्छ जस्तो मलाइ लाग्छ । अरु बाँकी सब ठिक छन् । अब हाम्रो प्रदेश धेरै अगाढी पुगिसकेको अवस्था छ । हाम्रो मैले अलिकति फेरी यहाँ जाइन चाहें । उद्योग, पर्यटन म यो विषयवस्तु भन्दा अलिकति बाहिर जान पुगें यो हाम्रो असोज कार्तिक देखी अख्तियारीहरु जाँदैछ भन्ने सुनें हामी साँच्चिकै अख्तियारी गइसकेको हो कि खाली भाषण हो कुरामा मात्रै हो । त्यसकारणले अलिकति मलाइ लाग्छ यसरी हिजो अस्तीसम्म हामी मन्त्रालय धाउदा धाउदै पनि धेरै योजनाहरुको अख्तियार नगएको हामीले भेटायौं तर आज मन्त्रीज्यूले भन्नुभयो वहाँ यो सुदूरपश्चिम प्रदेश सरकारलाइ यहाँको मुख्यमन्त्रीज्यूहरुलाइ धेरै राम्रो काम गर्नुभको छ यसमा मलाइ खुशी लाग्यो । म स्वागत गर्छु धेरै राम्रो गर्दै जानुस धन्यवाद ।

**माननीय देवकी मल्ल**

सभामुख महोदय, यो हाम्रो सभामा सुशासन प्रत्याभूति गर्न बनेको विधेयक यो विधेयक ठीक छ । लोकतन्त्रको मेरुदण्ड लोकतन्त्रको आत्मा भनेको सुशासन हो । सायद यो विधेयक पहिलो अधिवेशन मै आएको भए अझै राम्रो हुन्थ्यो । यले वर्षभरी धेरै काम गर्थ्यो होला जस्तो लाग्छ यो हेर्दा अहिले । त्यसैले समितिले सरकारले ओल्ट्याइ पल्ट्याइ मसिनो तरिकाले डबल टेबल तरिकाले जो यो विधेयक परिवक्क तरिकाले यहा ल्याएको छ

स्वागत गर्न चाहान्छौं । सरकारलाइ र समितिलाइ धन्यवाद पनि दिन चाहान्छु त्यसैले यो विधेयक ठीक छ सही छ र राम्रो छ तर यसको कार्यान्वयनको पक्षमा हामी आर्थिक वर्षको लास्ट तिर गइसकेका छौं । बजेट कार्यान्वयन हुँदैन भन्ने चिन्तामा पनि छौं । र धेरै ठाउमा बजेट कार्यान्वयनको स्पिडमा गइसकेको पनि छ । तर यो विधेयक कार्यान्वयनको सवालमा म के भन्न चाहान्छु भने यो रकम रकमान्तरको कुरा जुन छ नि वैशाख र जेठ तिर असोजकै लास्टतिर पनि एक ठाउ धेरै खर्च भइराखेको अर्को ठाउमा खर्चै नहुने अवस्थामा जो छ यसलाइ रकमान्तर गर्ने व्यवस्था यो बुदालाइ अझ यो वर्षमा बढी कार्यान्वयन होस भन्ने माग सहित यो विधेयक ठीक छ सही छ भन्दै विदा हुन्छु धन्यवाद ।

*(बोलि सकेपछि)*

**११. माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**१२. माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुत कर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि माननीय अमर बहादुर साउद, माननीय भरत बहादुर खड्का, माननीय कृष्ण बहादुर चौधरी र माननीय देवकी मल्लज्यूले गम्भिर महत्वपूर्ण सुझाव दिनुभएको छ । म सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट माननीयज्यूहरुका महत्वपूर्ण सुझावहरुका निम्ति हार्दिक धन्यवाद दिन चाहान्छु । सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि यस सभामा भएको दफावार छलफलका क्रममा माननीय सदस्यज्यूहरुले उठान गर्नुभएका मुलभुल बुदाहरु विधेयकमा समावेश भएको र विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलका क्रममा धेरै विषयहरु समेत समावेश गरिसकिएकोले जवाफ दिनुपर्ने थप महत्वपूर्ण विषयवस्तु नरहेकोले सम्मानित सभालाई जानकारी गराउछु धन्यवाद ।

*(जवाफ दिईसकेपछि)*

**१३.माननीय सदस्यहरू,**

अब,म **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २७ (सत्ताइस) सम्मका उल्लेखित

संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(हुन्न भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **“सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २७ (सत्ताइस) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**१४. माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि ४५ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धीत उपदफाहरू **“सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(हुन्न भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ४५ सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू सर्वसम्मतील **“सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** को अंङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**१५. माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावनाः** प्रदेशको सार्वजनिक मामिलालाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र जनसहभागितामूलक बनाउदै प्रदेशवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न तथा कानूनको शासन, चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको उचित

व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी प्रदेशमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम) **"सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५"** रहने छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

*(पढेर सुनाएपछि)*

**१६. माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **"सुदूरपशिचम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अङ्ग बनेको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

**१७. माननीय सदस्यहरू,**

अब म, विधेयक प्रस्तुतकर्ता <u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह</u> लाई **"सुदूरपशिचम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई सुदूरपशिचम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुख महोदय, यस गरिमामय सभामा सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि छलफलको सम्पूर्ण कार्य समाप्त भईसकेको र विधायन तथा प्रदेश मामिला समितिबाट प्राप्त प्रतिवेदनमा उल्लेखित संशोधनका सुझावहरु समेत विधेयकको अंग बनिसकेकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम यो विधेयक यस सभाबाट पारित गरियोस भन्ने प्रस्ताव माननीय सभामुखज्यू मार्फत सभामा प्रस्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**१८. माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

**१९. माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्बाही यँही समाप्त हुन्छ ।

**२०. माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७५ साल चैत्र १९ गते मंगलबार दिनको ०२:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।